६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा जैमिनी नगरपालिका वडा नं. ४ सर्कुवामा अबस्थित थन्थाप भगवती मन्दिरमा बिद्युत व्यबस्थापनका लागि प्राबिधिकबाट तयार भएको लागत अनुमान बमोजिम कार्य सम्पन्न गराई आन्तरिक श्रोतबाट रकम भुक्तानी गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रहरी चौकी कुश्मीसेरा र बेलवगरमा कार्यरत प्रहरीलाई नगरपालिका क्षेत्र भित्रको फिल्डमा खटिइ कार्य गर्नुपर्ने अबस्थाको सहजताका लागि नगरपालिकाबाट खरिद गरी २५ थान म्याट्रेक्स उपलव्ध गराउने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा जैमिनी धाम कुश्मीसेरा सडक कालोपत्रेको प्रकृया अगाडी बढाउने सन्दर्भमा प्रदेश र संघीय सरकारसँग आबश्यक समन्वय र सहकार्य गर्दै कार्य प्रकृया अगाडी बढाउने नीतिगत निर्णय गरियो।

९. प्रस्ताव नं. ९ को बिबिध प्रस्तावका सम्बन्धमा निम्नानुसार निर्णय गरियो ।

i. २०७९ सालको वडादशैं लगायतका चाडपर्वहरु निकटमा आइरहेको सन्दर्भमा सम्पूर्ण जैमिनी नगरबासीहरुलाई आफ्नो टोल छिमेक सरसफाई गरि कम खर्चिलो हिसावले मितव्ययी रुपमा हर्षोल्लासका साथ आफ्नो रीतिरिवाज र परम्मपरा अनुसार चाडपर्वहरु मनाउन नगरपालिका र वडा कार्यालयहरु बाट आव्हान गर्ने।

ii. नगरपालिका भित्र संचालन हुने यातायात व्यबस्थापनमा सहजता ल्याउन मिति २०७९।०६।१३ गते दिउसो १२.०० वजे सम्बन्धित यातायात व्यबसायीका प्रतिनिधि समेतको रोहवरमा जिल्ला प्रशासन कार्यालय, यातायात व्यबस्था कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय बागलुङका प्रतिनिधी समेत भै समन्वय बैठक गरी नगरबासीहरुलाई सहज यातायातको व्यबस्थाका लागि आवश्यक समन्वय गर्ने।

iii. नगर क्षेत्र भित्रको बाटो अवरुद्द हुनेगरी सडक छेउमा रहेका।राखिएका सामाग्री हटाउने कार्यका लागि मिति २०७९।०६। गते १० दिने सूचना प्रकाशन भए अनुसार सम्बन्धित सरोकारवालाहरुलाई नगरपालिका र वडा कार्यालयहरुले समेत अनुगमन गर्ने, सो व्यहोरा जानकारी गराइ कार्य सम्पादन गर्ने गराउने अटेरी गर्ने र सो अनुसार नगर्नेलाइ कानून अनुसार कार्वाही हुने व्यहोरा समेत सूसुचित गराउने।

iv. आ.ब. २०७९।०८० का योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि गठन गर्नुपर्ने उपभोक्ता समितिहरु यथाशीघ्र गठन गरी नगर कार्यपालिकाको कार्यालयलाई जानकारी गराउने।

v. जैमिनी नगरपालिका वडा नं. ३ दमेक निवासी वडा अध्यक्ष श्री कृष्णबहादुर भुजेलका पिताजी श्री डिलबहादुर भुजेलको ७५ बर्षको उमेरमा मिति २०७९।०६।०१ गते असामयिक निधन भएकोले मृतआत्मा प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने।

vi. सम्बत २०७९ सालको वडादशैं, तिहार र छठपर्व लगायत सबै चाडपर्वहरुको अवशरमा सुख, समृद्धी र उत्तरोत्तर प्रगतिका लागि नगर सभा सदस्य, नगर कार्यपालिका, शिक्षक,कर्मचारी लगायत सबै जैमिनीबासी नागरिकहरुमा मंगलमय शुभकामना व्यक्त गर्दछौ।